# शिवशंकर दास (तत्मा)को हत्या सम्वन्धी

**स्थलगत अध्ययन प्रतिवेदन**

**२०६९**



**<u>प्रतिवेदक</u>**

**दलित गैरसरकारी संस्था महासंघ**
केन्द्रीय कार्यालय, तल्छिखेल, ललितपूर

**<u>पृष्ठभूमि</u>**

नेपाली समाजमा वर्षौंदेखी कायम रहेको जातीय विभेद र छुवाछुत प्रथाका कारण एक चौथाइ जनता दलित समुदायको नाममा तल्लो स्तरको जीवन जीउन वाध्य भएका छन । उनीहरूको सामाजिक, आर्थिक, राजनैतिक तथा शैक्षिक अवस्था अत्यन्तै नाजुक रहेको छ । समाजमा उनीहरूले बिभिन्न वाहनामा अनेक किसीमका बिभेद तथा अपमान सहदै आएका छन । नेपाली समाजमा दलितहरूले भोग्दै आएका विभेदरूको अन्त्यका लागि विभिन्न समयमा आन्दोलन ह‘ुदै आएपनि विभेद घटेको छैन वरू वढेको छ । पछिल्लो समयमा राज्यले दलितहरूका सवाललाई सम्वोधन गर्ने सीमित प्रयास गरेको भएपनि त्यसको प्रभावकारी कार्यन्वयनको अभावमा दलितहरूले छुवाछुतको दुरव्यवहार मात्र हैन मृत्युवरण गर्न वाध्य छन् । जातिय बिभेद तथा छुवाछुतका कारण दैलेखका सेते दमाई तथा कालिकोटका मनवीर सुनारको हत्या प्रकरणले यसलाई पुष्टि गर्छ । यी दुई घटनाको कानुनी कारवाही सम्पन्न हुन नपाउदै सप्तरीको पन्सेरा गाविसमा अन्तरजातिय प्रेम सम्वन्धका कारण एक दलित युवकको निर्ममता पूर्वक हत्या गरिएको छ ।

पन्सेरा गाविस वडा नं ३ घर भएका २१ वर्षीय शिवशकर दास(तत्मा) र सोही स्थान निवासी सीता चौधरीवीच प्रेम सम्वध रही आएको थियो । केटीका परिवारले सो कुरा जानकारी पाएपछि केटाका वावु राजकुमार दास, दाजु भोला दास लगायतलाई बिभिन्न समयमा धम्कि दिदैं आएका थिए । घटना हुनु भन्दा केही समय अगाडि शिवशंकरको मोवाइल सीताले लगेकोमा २०६८ माघ १६ गते वेलुकी करिव ६ वजे तिर  मोवाइल लिन घरमा वोलाई केटीका दाजुहरूले नियोजित रूपमा कुटपीट गरि बिष खुवाएर छोडिदिएका थिए । त्यसपछि लुगा च्यातिएको, लछारपसार गरेको जस्तो र वान्ता गर्दै अर्धचेत अवस्थामा  घरमा आएर  शिवशंकरले मलाई सिता चौधरीका दाजुहरूले कुटपिट गरी विष खुवाए भनेका थिए । अवस्था गम्भीर भएपछि  उनलाई परिवारले लाहान स्थित सप्तऋशी नसिË होम लगेका थिए । सो अस्पतालले त्यहाबाट वि.पि.कोइराला मेमोरियल अस्पताल धरानमा रिफर गरेकोमा उपचारकै क्रममा बिरामीको वि.पि क्याममा मिति २०६८ माघ १८ गते उसको मृत्यु भएको थियो ।

घटनाको जानकारी स्थानिय पत्रपत्रिकाहरू र संघसस्थाहरूले वाहिर ल्याएपछि दलित गैरसरकारी संस्था महासंघ( डिएनएफ)को  केन्द्रीय टोली घटनास्थल पुगी प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको थियो । त्यसछि घटनाको विस्तृत बिवरणको आवश्यकता महसुस गरी डिएनएफ केन्द्रीय कार्यालयले राष्ट्रिय दलित आयोग, इन्सेक, तथा अन्य संघसंस्था र संचारकर्मीहरूस‘‘ग समन्वय गरी घटनाको स्थलगत अध्ययन गर्न २०६८ फागुन १७ गते संयुक्त टोली घटनास्थल पुगेको थियो । घटनाको सत्य तथ्य वुझ्न प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, स्थानिय राजनीतिक दलका नेताहरू, पीडित परिवार, संचारकर्मी, अधिकारकर्मी लगायत अन्य सरोकारवालासग भेटघाट र छलफल गरी त्यसकै आधारमा  यो प्रतिवेदन तयार गरिएको छ ।

**<u>घटना अध्ययनका उद्देश्य</u>**

१.घटनाको सत्य तथ्य पत्ता लगाई सार्वजनिक गर्ने ।

२.घटनाका दोषीलाई कारवाही र पीडितको न्यायका निम्ति पहल गर्ने ।

**<u>घटना अध्ययन मितिः</u>**

**२०६८फागुन १६ देखि २० सम्म**

**<u>घटना मितिः</u>**

**२०६८ माघ १६ गते करिव ६ वजे ।**

**अध्ययन टोलीका सदस्यहरू**

- .सुशील विके, केन्द्रीय सचिव, दलित गैर सरकारी संस्था, महासंघ
- .भविन्द्र वि.क., क्षेत्रीय कार्यक्रम संयोजक, दलित गैर सरकारी संस्था महासंघ पूर्वाञ्चल

घटना अध्ययनका लागि घटनास्थल पुगेको संयुक्त टोलीको नामावली अनुसुची १ मा राखिएको छ ।

**अध्ययन विधि**

- संचारमाध्यममा आएका सामाग्रीको अध्ययन विश्लेषण ।
- घटनास्थलको अवलोकन ।
- पीडित परिवारसग भेटघाट र अन्तरवार्ता ।
- प्रशासन, प्रहरी, राजनीतिक दलहरू, अधिकारकर्मी तथा अन्य सरोकारवालाहरूसग भेटघाट र छलफल ।

**पीडितको बिवरण**

| | | |
|---|---|---|
| मृतक | : | शिवशंकर दास ( वर्ष २१ ) |
| परिवार संख्या | : | ११ जना (वुवा, आमा, दाजु, भाउजु र भतिजा भतिजी) |
| वुवा | : | राजकुमार दास ( वर्ष ६३ ) |
| आमा | : | जीवछीदेवी दास |
| पेशा | : | अध्ययनरत साथै प्याराडाईज इन्प्टिच्यूट, लहानमा कम्प्यूटर सिक्दै गरेको । |
| वैवाहिक स्थिति | : | अबिवाहित |

**आरोपितको बिवरण**

देवकान्त चौधरी (वर्ष २० अनुमानित )
दीलिप चौधरी (वर्ष २२ अनुमानित )
सुरेश चौधरी (वर्ष २१ अनुमानित )
कुमार चौधरी (वर्ष ४३ अनुमानित )
शंकर चौधरी (वर्ष ४७ अनुमानित )
जितेन्द्र चौधरी (वर्ष ५० अनुमानित )
प्रथमलाल चौधरी (वर्ष ४५ अनुमानित )
ठेगाना : पन्सेरा गाविस, ४ सप्तरी

**घटनाका सम्वन्धमा प्रत्यक्षदर्शी तथा सरोकारवालाहरूको भनाई**

**डा. वि.एन यादव – प्रमुख, फरसेनिक विभाग, वि.पि कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठान**

डा. यादवले पोष्टमाटमको रिर्पोट अनुसार शिवशंकर दासको विष सेवनबाट मुत्यु भएको वताए । उनले भने यसको वारेमा थप अध्ययनका लागी मेडिकल विभागमा जानु पर्ने हुन्छ । पोष्टमाटम रिर्पोटमा मुत्युको अन्य कारण स्पष्ट छैन । भिसेरा टेस्ट गर्न पठाइएको छ । त्यसको रिर्पोट नआएसम्म घटनाका बिषयमा भन्न सकिदैन ।

**डा. उमाकान्त झा– मेडिसिन विभाग, वि.पि कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठान**

कीटनाशक औषधीको सेवनले गर्दा निजको मुत्यु भएको हो । विष सेवन गर्दा हुने लक्षणहरू देखिएको छ । यहा अस्पतालमा १२.२० वजे मृत्यु भएको छ । यहा ल्याउन भन्दा अगाडी सप्तऋषी नर्सिË होम लहानमा लगिएको रहेछ । त्यहाको रिपोट तथा यहाको रिपोटमा पनि विष खुवाइएको अथवा खाएको स्पष्ट छैन ।  यहाको रेकर्डमा निज मृतक मानसिक रोगी नभएको देखीन्छ । शरिरमा अन्य चोटपटक लागेको देखिएको छैन ।

**राजेन्द्र विष्ट – प्रमुख, इलाका प्रहरी कार्यालय, धरान**

ईलाका प्रहरी कार्यालयले पोष्टमाटमका लागि यहां दिएको निवेदन अनुसार स्वीकृती दिएको हो । यो केसका वारेमा हामीलाई  थप जानकारी  छैन । कल्याणपुरले जाहेरी किन नलिएको हो मलाई थाहा छैन ।

**राजकुमार दास – मृतकका वावु**

मिति २०६८ माघ १६ गते वेलुकी करिव ६ वजे तिर मेरो छोरा एक्कासि लरवराउदै आयो । शरिर भरि निल डाम थियो लुगा च्यातिएको थियो । लछारपसार गरेको जस्तो अवस्थामा आएर मलाई सिता चौधरीको दाजुहरूले कुटपिट गरी विष खुवायो भन्यो । यति भने पछि हामीले उसलाई लाहानको सप्तऋशी नसिË होम लग्यौ र त्यहा सकिदैन भन्यो र वि.पि. क्याम्प लगियो । वि.पि क्याममा मिति २०६८ माघ १८ गते उसको मृत्यु भयो । लास सदगद गर्नका लागि हामीले इलाका प्रहरी कार्यालय धरानमा निवेदन दियौ र लास सदगद गर्न पुर्जी दिइयो । २०६८ माघ १२ गते वेलुकी दिलिप चौधरी आएर तेरो छोराको लागि खर्च ठिक पारिराख भनेको थियो । यस अघि पनि  राती आएर  मेरो छोरीस‘‘ग भेटघाट गर्दो रहेछ सम्झाइ राख्नु भन्दै धम्की दिएका थिए । मेरो छोराको मोवाइल आरोपी दिलिप चौधरीको वहिनी सिता चौधरीले लगेको रहेछ ।  मेरो छोराले धेरै पटक मोवाइल माग्दा पनि दिएको थिएन । पछि यही कारणले मेरो छोराको मृत्यू भयो । हामीले प्रहरीमा जाहेरी दियौ तर प्रहरी दर्ता गरेको छैन ।

**श्याम सुन्दर दास – मृतकको साथी**

२०६८ माघ १६ गते वेलुकी तिर हामी फुटवल खेलीरहेका थियौ । अकस्मात मेरो साथी शिवशंकरलाई देवकान्त चौधरी ,सुरेश चौधरी,सुन्दर चौधरीले घरमा लिन वोलायो र म पनि स‘‘गस‘‘गै ज‘‘ादा तेरो काम छैन त जा भनेर भन्यो र म फर्के त्यस पछि यस्तो घटना घट्यो । यो भन्दा अगाडि जयकान्त चौधरीले मेरो वहिनीस‘‘ग भेटघाट गरिरहेको छ तपाईको छोरालाई अलिक समझाउनुहोस भनेको थियो ।

**भोला दास – मृतकको दाइ**

घटना घटेको  अगाडिको दिन देवकान्त चौधरी राती ९ वजे तिर आएर भन्यो कि तिम्रो भाईसंग काम छ बाहिर पठाइदेउ । मैले भने के काम छ भोली उज्यालोमा कुरा गरौला । उसले भन्यो किन मेरो वहिनीसंग भेटघाट गर्छ उसलाई सम्झाउनु भन्यो ।

**पशुपति दास – मृतकको भाई**

मेरो दाई लहानमा कम्प्युटर अध्ययन गर्नु हुन्थ्यो । एक दिन मेरो दाईको मोवाइल सीताले खोसेर लग्यो । दाईको अर्को मोवाइलमा फोन गरेर कुराकानि गर्नु हुन्थ्यो । दाइ र सीताको कुराकानि राती पनि हुन्थ्यो । केटीले लगेको मेरो दाईको मो नं ९८५७८२९९३ हो केटीले दाईलाई फोन गर्ने न. ९८०७७६५७०० दाइले रिसिभ गर्ने नं ९८०६९४१०५९ उनीहरूको सम्वन्ध कस्तो हो थाहा भएन तर सम्वन्ध थियो ।  केटीका दाईले फोन गरेर मेरो दाईलाई गाली पनि गरेको थियो । म यहा राजविराज आएको वेला यस्तो घटना घटेछ थाहा नै भएन मलाई त ।

**प्रघुम्न अधिकारी –प्रहरी निरिक्षक कल्याणपुर**

पीडितको जाहेरीका आधारमा हामीले यस घटनाको वारेमा अनुसन्धान गरिरहेका छौ । भिसेरा रिर्पोट का लागि हामीले पर्खिरहेका छौ यो घटनाको विषयमा हामी अहिले किटानी जाहेरी लिन सकिरहेका छैनौ किनकि थप अनुसन्धानमा लागी रहेका छौ । अहिले सम्म आरेपीहरू फरार रहेका छन । थप अनुसन्धान पछि मात्र हामी किटानी जाहेरी लिन्छौ ।

**कृष्णप्रसाद सापकोटा – तत्कालिन प्रमुख जिल्ला अधिकारी, सप्तरी**

यस घटनाका सम्वन्धमा यो भन्दा अगाडि २ पटक साथीहरू आउनु भएको छ । म मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र दिनुभएको थियो । त्यसलाई मैले प्रधानमन्त्रीको कार्यालयमा पठाउन लगाएको छु । अनुसुची १ बमोजिमका मुद्दाहरूमा प्रहरीलाई हस्तक्षेप गर्न ह''ुदैन तर यस जिल्लाको सुरक्षा प्रमुखको हैसियतले यस विषयमा तत्काल के भएको हो म प्रहरी प्रमुखसंग कुरा वुझ्छु र तत्काल छानविन अगाडि वढाउन उहासंग छलफल गर्छु । यो घटना धेरै जेलिएको छ । अस्पताल लैजाने तथा मृत्यु भए पछि पनि समयमा प्रशासनमा जानकारी आएन । धेरै कुरा अनुसन्धान पछि थाहा हुन्छ । घटनाको यथार्थ छानविन हुनुपर्छ ।

**गणेश थापा – प्रमुख, जिल्ला प्रहरी कार्यालय, सप्तरी**

हामीले यस घटनालाई अनुसन्धान गरिरहेका छौ । बिष खायो वा खुवाईयो भन्न सकिदैन । भिसेरा रिपोट आएपछि केही कुरा खुल्छ । आरेपीहरू भागेका छन । कर्तव्य मुद्दा सवै प्रमाण जुटाएर जाहेरी दर्ता गर्दा राम्रो हुन्छ भनेर दर्ता नगरिएको हो । हुलाकबाट पठाइएको छ दर्ता गर्ने प्रकृयामा छ । हाम्रो भनाई दोषी लाई कुनै पनि हालतमा कारवाहि हुन्छ तर निदोष पर्नु ह''ुदैन भन्ने नै हो । भोली देखि यस घटनाका सम्वन्धमा थप जनशक्ति खटाएर म अनुसन्धानलाई अगाडि वढाउछु ।

**धिरेन्द्रप्रसाद शाह – सभापति नेपाल पत्रकार महासंघ, सप्तरी**

हामीलाई थाहा भए अनुसार यो घटना हाम्रो समाजमा जड रूपमा रहेको जातिय विभेद तथा छुवाछुतबाट प्रभावित भएर घटेको हो । मलाई लाग्छ यो हत्या नै हो । यसका धेरै आधारहरू भेटिएका छन । यो घटना हत्या होइन भने आरोपीहरू किन फरार छन् ? यसमा घटनामा राजनैतिक हस्तक्षेप भएको छ । चौधरी समुदायको स्थानिय प्रहरी प्रशासनमा पकड छ तर पीडित पक्षको शक्ति कमजोर भएर प्रहरीले अनुसन्धान प्रभावकारी वनाउन सकेको छैन । यसको छिटो छानविन हुनुपर्छ ।

**दिनेश यादव – मधेसी जनअधिकार फोरम नेपाल**

आरोपी चौधरी जातीको र पीडित दलित भएकै कारणले यो हत्याको घटना भएको हो । दलितस''ग किन विवाह गरिदिने भनेर हत्या भएको हुन सक्छ । यो घटनामा दोषी छुटुनु भएन निर्दोष फस्नु ह''ुदैन । सर्वपक्षिय हिसावले दवाव सृजना गरेर यो घटनालाई समाधान गर्नु पर्दछ । प्रहरी प्रशासनले प्रभावकारी रूपमा अनुसन्धँन गर्नु पर्छ ।

**सुमन प्याकुरेल – राष्टिय प्रतिनिधि परिषद सदस्य, नेकपा एमाले**

यो घटना जातिय विभेदसंग सम्वन्धिँत छ । दलित गैर दलित विचको प्रेम सम्वन्धका कारण नै घटना हुन गएको छ । यसमा आशंका पनि छन तर घटनाको श्रृंखला हेर्दा र हाम्रो समाजको बिश्लेषण गर्दा यो जातीय बिभेदका कारण भएको हत्या हो । यसमा हाम्रो पार्टीको ध्यानकर्षण भएको छ । जिल्ला कमिटिको वैठकले घटनाको भर्त्सना गरी निष्पक्ष छानविनको समेत माग गरेको छ । प्रशासन चुस्त दुरूस्त छैन । मुद्दालाई राजनीतिक हिसावले पनि हेर्ने गरिन्छ यहा'' । यसैले प्रशानसले प्रभावकारी कार्य गर्न सक्छ भन्नेमा हामिलाई शंका लागेको छ ।

**रामपृत यादव – अध्यक्ष, तमलोपा, सप्तरीं**

जाती व्यवस्थाका कारण यस्तो घटना घटेको हुन सक्छ हामीलाई जानकारी छैन तर जे भए पनि दोषिलाई कारवाही हुन पर्दछ ।

**असर्फी सदा – सचिव, ए नेकपा माओवादी, सप्तरी**

यो घटना नितान्त जातिय विभेद तथा छुवाछुत कै कारण सुनियोजित ढंगले गरिएको हो । यो हत्या नै हो । खानेकुरामा तथा सुईवाट बिष दिएर हत्या गरेको रिपोट हामीलाइ आएको छ । केटाकेटीको गहिरो प्रेम थियो र उनीहरू भाग्ने सम्मको तयारी गरेका थिए । हामिलाई आएको जानकारी अनुसार जुन मानिसले केटालाई घर सम्म लगे ती २ जना मान्छेको नाम जाहेरीमा छुटेको छ । हाम्रो पाटीका स्थानिय कार्यकर्ताहरूले वताए अनुसार घटनामा संलग्न आरोपीहरू उद्दण्ड प्रवृतिका हुन । अगाडिका विभिन्न घटनाहरूमा पनि यिनीहरूको संलग्नता रहेको छ । पन्सेरा गाविस छुवाछुतवाट ग्रसित हो । यह“ा यस अगाडि पनि धेरै छुवाछुतका घटनाहरू भएका छन यस आधारमा यो घटना पनि छुवाछुतस“ग जोडिएको छ । चौधरीहरूको प्रहरी प्रशासनस“ग उठवस राम्रो छ यसैले प्रहरीले जाहेरी लिन मानेको छैन । घटनाको सम्वन्धमा स्पष्ट छानविन हुन जरूरी रहेको छ । यस घटनालाई सहजीकरण गर्न आदिवासि जनजाति महासंघ र थारू कल्याणकारी सभा पनि लागि परेको सुन्नमा आएको छ तर घटनाका वारेमा स्पष्ट छानविन हुनेमा हामीलाई शंका लागेको छ ।

**शैलेश चौधरी – अध्यक्ष,मधेसी जनअधिकार फोरम लोकतान्त्रिक, सप्तरी**

हामीलाई विस्वसनिय सुत्रवाट प्राप्त जानकारी अनुसार यो घटना दलित गैर दलित वीच अथवा केटा र केटी वीच भएको प्रेम सम्वधलाई स्वीकार नगरि नियोजित रूपमा नै हत्या गरिएको हो । हाम्रो समाजमा दलितहरूलाई कति बिभेद छ सवैलाई जानकारी नै छ । यो घटना पनि यसैको परिणाम हो । प्रहरीको मानसिकतामा परिवर्तन नआएका कारण प्रहरी निस्क्रिय छ । घटनाको निस्पक्ष छानविन हुनुपर्छ ।

**श्यमकान्त चौधरी – अध्यक्ष गैरसरकारी संस्था महासंघ, सप्तरी**

घटनालाई राजनीतिसग जोड्नु हुदैन । प्रहरीले दर्ता नगर्नु कमजोरी हो । यसका पछाडि केही कारण होलान । दोषीलाई सही हिसावले कारवाही हुनुपर्छ ।

**घटनास्थलको अवलोकन,सरोकारवालासगको भेटघाट तथा छलफलका क्रममा भेटिएका तथ्यहरू**

- सीता चौधरी र शिवशंकर दास वीच केही समयदेखी प्रेम सम्वन्घ थियो ।
- भोलादासका (मृतकका दाजु ) वच्चाहरू सीता चौधरीको घरमा ट्यूसन पढ्थे र मृतक शिवशंकर वच्चाहरूलाई पुरयाउन र लिन जाने क्रममा उनीहरूवीच सम्वध बिस्तार भएको देखिन्छ ।
- यही क्रममा सीता चौधरीले केटाको मोवाइल लगेको, लामो समयसम्म फिर्ता नगरेको र केटाको अर्को मोवाइलमा फोनमा कुराकानी हुने गरेको ।
- उनीहरूको सम्वन्धका वारेमा केटीका परिवारलाई जानकारी भएपछि केटाका परिवारलाई धम्की दिने गरेको पाइयो ।
- घटना भएको दिन माघ १६ गते श्यामसुन्दर दास सहित मृतक स्थानिय जनता मा.वि.को मैदानमा फुटवल खेल्न गएका थिए । सोही समयमा सीताले फोन गरेर मोवाइल लिन वोलाएको र मैदानवाट उसका दाजुहरूले पनि मोवाइल लिन जाउ भन्दै आफ्नो घरमा लगेको ।
- शिवस“गै रहेका श्यामसुन्दर दासलाई वीचवाट फर्काई शिवलाई घरमा लगि विष खुवाएर छोडिएको ।
- गम्भीर अवस्थामा वान्ता गर्दै शिव घर फर्केको र सीताका दाजुहरूले मलाई बिष खुवाए भनि परिवारमा सुनाएको ।

- विरामीलाई परिवारले लहान स्थित सप्त्कृषी नर्सिËहोममा लगिएकोमा सो अस्पतालले त्यह‘‘ा उपचार हुन नसक्ने भन्दै थप उपचारका लागि धरान रिफर गरेको ।
- उपचारका क्रममा धरान स्थित वि.पि.कोइराला मेमोरियल अस्पतालमा १८ गते मृत्यू भएको ।
- अस्पतालका अनुसार मृतकमा कुनै किसिमको मानसिक रोग नभएको पाइयो ।
- विरामीको मृत्यु किटनासक औषधीको सेवनवाट भएको ।
- भिसेरा परिक्षणका लागि बिधि बिज्ञान प्रयोशाला काठमाडौमा पठाइएको र रिपोट आउन वा‘‘की रहेको ।
- घटना भएको गाउ‘‘ छुवाछुतवाट ग्रसित भएको पाइयो । यस अगाडि पनि सो ठाउ‘‘मा छुवाछुत सम्वन्धी प्रशस्त घटना हुने गरेका थिए ।
- केटा दलित र केटी गैर दलित भएको तथा जातिय विभेद तथा छुवाछुत कै कारण केटीका परिवारले केटालाई स्वीकार्न नसक्दा घटना घटेको देखिन्छ ।
- मृतकका वावु राजकुमार दासले इलाका प्रहरी कार्यालय कल्याणपुरमा दिएको किटानी जाहेरी प्रहरीले बिभिन्न वाहनामा दर्ता नगरेको र प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई पटक पटक भेटेर दर्ता गर्न आग्रह गर्दा पनि प्रहरीले दर्ता नगरेको ।
- प्रहरीले दर्ता नगरेपछि जाहेरी हुलाकवाट पठाइएको र हाल दर्ता भएको ।
- घटना हु‘‘दा केटाले लगाएको सर्ट च्यातिएको अवस्थामा उसकै घरमा रहेको छ भने यसलाई संरक्षण गर्न प्रहरीले चासो देखाएको छैन ।
- प्रहरी हालसम्म न आरोपी माझ पुग्न सकेको छ न घटनाको अनुसन्धान नै गरेको छ ।
- आरोपित चौधरीहरूको प्रहरी प्रशासनमा पह‘‘ुच भएको ह‘‘ुदा अनुसन्धान फितलो भएको देखिन्छ ।
- आरोपिहरू हालसम्म पनि फरार रहेका छन् ।
- बिभिन्न घटनाक्रमले आरोपीहरूको हत्यामा प्रत्यक्ष संलग्न रहेको देखिन्छ ।
- घटनाका सम्वन्धमा स्थानिय राजीतिक दल तथा पत्रकारहरूको चासो रहेको पाइयो ।

## सुझाव तथा निष्कर्ष

देश संघीय लोकतान्त्रिक गणतन्त्र भइसकेको छ । प्रतिनिधि सभाले छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको छ वर्ष पुरा भैसक्यो । जातीय विभेद तथा छुवाछुत सजाय तथा कसुर ऐनले पनि वार्षिकी मनाइसक्यो । तर समाजमा यस्ता घटनाहरू वढिरहेका छन् । यस्ता घटनामा कमी ल्याउन र दोषीहरूलाई कडा कानुनी कारवाही गर्न सरकारले विषेश पहलकदमी लिन जरूरी देखिन्छ ।

- यस घटनाको सत्य तथ्य पता लगाउन सरकारी तवरवाट **न्यायिक समिति** गठन गरी थप छानविन गर्न जरूरी देखिन्छ ।
- पीडितपक्षको आर्थिक अवस्था ज्यादै नाजुक भएको ह‘‘ुदा तत्काल आर्थिक सहयोग तथा क्षतीपूर्तिको व्यवस्था गर्न जरूरी देखिन्छ ।
- पीडित परिवारको सुरक्षाको व्यवस्था गर्न आवश्यक छ ।
- किटानी जाहेरी दर्ता नगर्ने प्रहरीलाई तत्काल कारवाही गरिनुपर्छ ।
- घटना हत्याका साथै जातिय विभेद र छुवाछुतसंग सम्वन्धित भएकोले दोषीलाई फौजदारी कानुन तथा छुवाछुत ऐन बमोजिम कारवाही गरिनुपर्छ ।

- घटनालाई राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग, राजनीतिक पार्टीका दलित भातृसंगठन, मानवअधिकारको क्षेत्रमा काम गर्ने संघ सस्थाहरू, तथा नागरिक समाजले गम्भीरता पूर्वक लिई न्यायका लागि सचेत पहल गरिनुपर्छ ।
- घटना भएको गाउ तथा समग्र जिल्लानै छुवाछुतवाट आक्रान्त भएको ह“ुदा सरोकारवाला सवै पक्षले सचेतनामुलक अभियान संचालन गर्न आवश्यक छ ।

**अनुसुचि १**
**घटनास“ग सम्वन्धित केही फोटोहरू**



स्थानिय सीता चौधरीसँगको अन्तरजातीय प्रेमसम्बन्धका कारण हत्या गरिएका शिवशङ्कर दासको घर ।



क्रियामा बसेका मृतकका दाजुका ८ वर्षीय छोरा राजेश दास, साथमा आमा र भाउजु ।



विलौना गर्दै मृतकका बाबु राजकुमार दास र आमा जीवछीदेवी दास ।



घटनाको आठौं दिनमा मृतकको घरमा जुटेका शोकाकुल आफन्तहरू

**अनुसुचि २**
**छलफल तथा वैठक आयोजना**

दलित गैर सरकारी संस्था महासंघ ( डिएनएफ) पूर्वाञ्चल क्षेत्रीय कार्यालयको आयोजना तथा समन्वयमा राष्ट्रिय मानवअधिकार आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयमा सो घटनाको सम्वन्धमा मिति २०६८।११।१६ गते छलफल तथा वैठक आयोजना गरियो । आयोगका पूर्वाञ्चल प्रमुख, राष्ट्रिय दलित आयोगका सदस्य, इन्सेकका पूर्वाञ्चल प्रमुख, तथा अन्य मानवअधिकारकर्मी तथा पत्रकारहरूको उपस्तिथि रहेको वैठकमा डिएनएफका क्षेत्रीय कार्यक्रम संयोजक

भविन्द्र वि.क.ले घटनाका सम्वन्धमा सहभागिलाई जानकारी गराउनु भयो भने  सचिव सुशील विकेले थप स्पष्ट पार्नु भएको थियो । वैठकमा भएको छलफल अनुसार घटनास्थलको अनुगमन लगायत सोसग सम्बधित स्थान र सरोकारवालाहरूका धारणा  वुझ्न संयुक्त टोली जाने निर्णय गरियो ।

**अनुसुची ३**

**वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा रहेको प्रहरी सेलको पुस्तिकामा घटनाका वारेमा यसरी  लेखिएको –**

**मिति २०६८।१०।१७ गते २।४० वजे विमारी वावुको भनाइ अनुशार गाउ‘‘कै सुन्दर चौधरी लगायत ५।६ जनाको समुहले कुटपिट गरी नाम नखुलेको विषादी सेवन गराएको बुझिएको केही समय पछि वावुले भेटी तत्काल उपचारको लागि नसिË होम हुदै घोपा ल्याइएको हो । मुत्यु मिति २०६८।१०।१८ गते १२।३०वजे ।**

**अनुसुची ४**

**अध्ययन भ्रमणमा संलग्न व्यक्ति तथा संस्था**

१.खेमराज नेपाली, सदस्य, राष्ट्रिय दलित आयोग
२.रंजीत पासवान, सदस्य, राष्ट्रिय दलित आयोग
३.शम्भू पासवान ,सदस्य, राष्ट्रिय दलित आयोग
४.सुशील विके, केन्द्रीय सचिव, दलित गैर सरकारी संस्था, महासंघ
५ डि.वि.शाहसंकर ,का.अध्यक्ष ,दलित गैर सरकारी संस्था महासंघ, पूर्वाञ्चल
६.दिपक तिवारी, प्रलेख अधिकृत, इन्सेक, पूर्वाञ्चल
७.भविन्द्र वि.क., क्षेत्रीय कार्यक्रम संयोजक, दलित गैर सरकारी संस्था महासंघ पूर्वाञ्चल
८.दिनेश गजमेर, पत्रकार, विजयपुर एफ. एम.
९.किशोर दियाली, पत्रकार, मकालु टेलिभिजन
१०.भगवति ल्वागुन, पत्रकार तथा महिला अधिकारकर्मी

**अनुसुची ५**

**अध्ययन भ्रमण गरिएका  स्थानहरूः**

१.वि.पि. कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरी
२.घटनास्थल तथा पीडित र आरोपीको घर, सप्तरी
३.इलाका प्रहरी कार्यालय, कल्याणपुर, सप्तरी
४.जिल्ला प्रशासन कार्यालय,  सप्तरी
५.जिल्ला प्रहरी कार्यालय, सप्तरी
६.दलित गैर सरकारी संस्था महासंघ जिल्ला कार्यालय, सप्तरी

**अनुसुची ६**

घटनासग सम्वन्धित बिभिन्न सामाग्रीहरू